मिति २०७६।१०।२६ मा माननीय मन्त्रिस्तरबाट स्वीकृत।

मा. आरती पौडेल
मन्त्री

**"उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"**

**प्रस्तावना** : कृषकहरुलाई उनीहरुले उत्पादन गरेको कृषि वा पशुजन्य उत्पादनमा उत्पादनको आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण बढाउने उद्देश्यले सस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने कृषक तथा व्यवसायीहरुलाइ संगठित बजारमा गुणस्तरीय खसी/ बोका/ भेडा/ माछा/ मत्स्य बीज/ बीउबीजन/ आलु/ तरकारी/ फलफूल आदिको बिक्रीको आधारमा अनुदान उपलब्ध गराउने उदेश्यले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न प्रदेश नं. ५ अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनुदान" भन्नाले प्रोत्साहन स्वरुप उत्पादन तथा बिक्री परिमाणको आधारमा प्रदान गरिने रकमलाई सम्झनु पर्छ।

(ख) "ईयरलिङ्ग" भन्नाले ५ ईन्च भन्दा माथि वा २०० ग्रामसम्मको मत्स्य बीजलाई सम्झनु पर्छ।

(ग) "एडभान्स फिङ्गरलिङ्ग" भन्नाले फिङ्गरलिंङ्ग रेयरिङ्ग पोखरीमा स्टक गरी १ देखी २ महिना सम्म हुर्काईएको ३ देखि ५ ईन्चको मत्स्य बीजलाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले स्वीकृत कार्यक्रम तथा बजेटको व्यवस्था भएको कार्यक्रम सञ्चालन गर्ने निकायलाई सम्झनु पर्छ।

(ङ) "फलफूल/तरकारी" भन्नाले बजारमा बिक्रीयोग्य ताजा फलफूल र तरकारीलाई सम्झनु पर्छ।

(च) "फ्राई" भन्नाले ह्याचलिङ्ग मत्स्य नर्सरीमा स्टक गरी ३ देखि ४ हप्ता सम्म हुर्काईएको १ ईन्च भन्दा सानो मत्स्य बीजलाई सम्झनु पर्छ।

(छ) "फिङ्गरलिङ्ग" भन्नाले फ्राई रेयरिङ्ग पोखरीमा स्टक गरी १ देखि १.५ महिनासम्म हुर्काइएको २ देखि ३ ईन्चसम्मको मत्स्य बीजलाई सम्झनु पर्छ।

सचिव

(ज) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) **"मत्स्य नर्सरी"** भन्नाले माछाको ह्याचलिङ्ग स्टक गर्ने संरचनालाई (पोखरी, टैंक आदि) सम्झनु पर्छ।

(ञ) **"मत्स्य नर्सरीकर्ता"** भन्नाले सरकारी तथा निजी फार्मबाट ह्याचलिङ्ग खरिद तथा मत्स्य नर्सरीमा व्यवस्थापन गरी फ्राई/फिङ्गरलिङ्ग/एडभान्स्ड फिङ्गरलिङ्ग/ ईयरलिङ्ग उत्पादनकर्तालाई सम्झनु पर्छ।

(ट) **"मत्स्य ह्याचरी"** भन्नाले माछाको कृत्रिम प्रजनन् स्थल सम्झनु पर्दछ।

(ठ) **"मत्स्य ह्याचरीकर्ता"** भन्नाले माउ माछा व्यवस्थापन गरी कृत्रिम प्रजनन् द्वारा ह्याचलिङ्ग उत्पादनकर्तालाई सम्झनु पर्छ।

(ड) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तरगतको कृषि विकास/ पशुपन्छी तथा मत्स्य विकास हेर्ने निर्देशनालयलाई सम्झनु पर्छ।

(ढ) **"समिति"** भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(ण) **"शीत भण्डार"** भन्नाले कृषिजन्य बाली वस्तुहरुलाई लामो समयसम्म संरक्षण गर्न बनाईएको वातानुकूलित संरचनालाई सम्झनु पर्छ।

(त) **"ह्याचलिङ्ग"** भन्नाले निषेचित अण्डाबाट निस्किएको ~~० देखी~~ ७ दिन सम्मको मत्स्य बीजलाई सम्झनुपर्छ।

(थ) **"स्रोत बीउ"** भन्नाले प्रजनन बीउबाट उत्पादन गरिएको मूल बीउ, प्रमाणित बीउ वा सो सरहका बीउहरुलाई सम्झनु पर्छ।

३. <u>उद्देश्य</u> : यस कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ :-

(क) कृषि उत्पादनको गुणस्तर कायम गरी उत्पादन गर्ने क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित एवं दिगो बनाउन प्रोत्साहन गर्ने,

(ख) साना कृषकहरुलाई सहकारीमा आवद्ध गराई उत्पादित कृषि उपजलाई संगठित बजारमा बिक्री गर्ने,

(ग) कृषकस्तरमा गुणस्तरीय बीउ तथा मत्स्य बीजको उपलब्धतालाई सुनिश्चित गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

(घ) कृषि उत्पादनमा आवद्ध कृषकहरुको मनोबल उच्च राखी निजहरुको लगानीलाई सुनिश्चितता प्रदान गर्ने।

सचिव

परिच्छेद-२

<u>कार्यक्रम संचालन प्रक्रिया तथा अनुदान सम्बन्धि मापदण्ड</u>

४. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : कार्यक्रम सञ्चालन प्रक्रियाहरु देहाय बमोजिम हुनेछ :-

(क) अनुसूची ६ अनुसारका बाली बस्तु विशेष कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषक/फर्म/सहकारीहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा ३० दिने सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्तावकहरुले अनुसूची-२ को ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित अनुसूची-५ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ। यसरी प्रस्ताव पेश गर्दा आबद्ध कृषकहरुको सम्पूर्ण विवरण पेश गर्नुपर्नेछ।

(ग) पेश भई आएका प्रस्तावहरुलाई मूल्याङ्कन तथा सिफारिस समिति वा कार्यदलले स्थलगत अनुगमन गरी अनुसूची-३ बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी अन्तिम सिफारिसको लागि कार्यक्रम व्यवस्थापन समितिमा प्राथमिकता क्रम पेश गर्नेछ।

(घ) कार्यक्रम व्यवस्थापन समितिले शिफारिस भई आएका प्रस्तावहरु छनौटको लागि कार्यलयलाई सिफारिस गर्नेछ। छनौट भएका अनुदानग्राहीहरुसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(ङ) सम्झौता पछि अनुदानग्राहीहरुलाई तोकिए बमोजिम अनुदान रकम एसि पेयी चेक मार्फता भुक्तानी गरिनेछ।

(च) कार्यविधिमा उल्लेख गरे बमोजिम अनुदान बार्षिक वा अर्धवार्षिक अवधिका लागि समेत प्रदान गर्न सकिनेछ ।

(छ) आवेदक प्राप्त भई उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि स्विकृत भएका प्रस्तावकको हकमा बार्षिक स्विकृत कार्यक्रममा भएको बजेट अपुग भएको अवस्थामा बजेट व्यवस्था भए अनुसार आगामी आर्थिक वर्षमा समेत सहयोग गर्न बाधा पर्ने छैन।

(ज) कार्यक्रममा आबद्ध हुन चाहने ईच्छुक समूह सहकारी तथा कम्पनि तथा आबद्ध सदस्यहरुले प्रस्तावित बालि तथा बस्तुहरुको अनिवार्य विमा गरेको हुनुपर्नेछ।

(झ) बार्षिक कार्यक्रममा आबद्ध हुने ईच्छुक समूह सहकारी तथा कम्पनिहरुले प्रस्तावित बालि तथा बस्तुहरुको उत्पादन प्रत्येक वर्ष क्रमश: कम्तिमा २० प्रतिशतले अनिवार्य बृद्धि गरेको हुनुपर्नेछ। उत्पादन बृद्धि नगरेका सहकारी समूह तथा कम्पनिलाई प्रोत्साहन अनुदान उपलब्ध गराईनेछैन।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

५. <u>अनुदानग्राही छनौटको मापदण्ड</u> : उत्पादनमा आधारित प्रोत्साहन अनुदानग्राही छनौटको मापदण्ड देहाय बमोजिम हुनेछ :-

| सि.न. | बाली वस्तुको विवरण | अनुदान दिने आधारहरु | कसलाई दिने | प्रमाणित गर्ने आधारहरु | कैफियत |
|---|---|---|---|---|---|
| १. | आलु/प्याज, मसला/तरकारी बाली/फलफूल | • गत आ.व. को कार्तिक महिनादेखि चालू आ.व. को असोज मसान्तसम्म कम्तीमा प्रति सदस्य प्रति वर्ष १ मे.टन सम्म र प्रति सहकारी वर्षमा कम्तीमा ५० टन उत्पादन गरेको हुनुपर्ने,<br>• कृषकको आफ्नै फार्ममा उत्पादन भएको हुनुपर्ने,<br>• सहकारी/समूह/कम्पनिले आवद्ध कृषकहरुको तर्फबाट प्रस्ताव पेश गर्न सक्नेछन्। | व्यावसायिक कृषक/ समूह/ कृषि सहकारी | खेती गरिएको विवरण र सम्बन्धित स्थानीय तह वा कृषि ज्ञान केन्द्रको खेत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन, सहकारी/समूह/कम्पनिको खरिद अभिलेख, सहकारी/समूह/कम्पनिले आंफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण, तरकारी व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सम्बन्धितबाट कृषकको खातामा भुक्तानी गरेको अभिलेख | |
| २ | खाद्यान्न तथा तरकारी बीउ | • गत आ.व. को कार्तिक महिनादेखि चालू आ.व. को असोज मसान्तसम्म खाद्यान्न, दलहन वा तेलहन बीउ उत्पादन भएको हुनुपर्ने,<br>• कृषक/कृषक समूहको हकमा प्रति सदस्य प्रति | कृषक/ कृषक समूह वा सहकारी | स्रोत बीउ उत्पादन अनुमति पत्र वा बीउ बीजन उत्पादनमा संलग्नताको प्रमाण, स्रोत बीउ वा मुल बीउ खरिदको बील, बीउ उत्पादनको पूर्व | |



सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | वर्ष कम्तिमा २०० केजी र समूहले प्रति वर्ष कम्तिमा १००० केजी र सहकारी संस्थाको हकमा कम्तिमा प्रति सदस्य ५०० केजी प्रति वर्ष र प्रति सहकारी प्रति वर्ष कम्तिमा १००० केजी स्रोत बीउ उत्पादन गरी प्रमाणीकरण गरेको हुनु पर्ने,<br>• उन्नत बीउको हकमा कृषक/कृषक समूहले कम्तिमा प्रति सदस्य प्रति वर्ष कम्तिमा ४०० केजी र प्रति समूह प्रति वर्ष कम्तिमा २००० के.जि र सहकारी संस्थाको हकमा प्रति सदस्य प्रति वर्ष कम्तिमा १००० केजी र प्रति सहकारी प्रति वर्ष कम्तिमा १०००० केजी उन्नत बीउ उत्पादन गरी टयागिङ्ग गरेको हुनुपर्ने,<br>• तरकारी बालीको हकमा चालु आ.व. भित्रै सरकारी फार्म केन्द्रहरुबाट उत्पादित स्रोत बीउको प्रयोग गरी कृषक/कृषक समूह/सहकारीले कम्तिमा उन्नत स्तरको २५ केजी बीउ उत्पादन गरेको हुनुपर्ने,<br>• स्वदेशमा नै विकास भई सूचिकृत भएका जातहरुमा मात्र यस्तो अनुदान उपलब्ध गराइने<br>• कृषकको आफ्नै फार्ममा उत्पादन भएको हुनुपर्ने,<br>• समूह/सहकारीमा आवद्ध भएको कृषकहरु मात्र यस कार्यक्रममा सहभागी हुन योग्य हुनेछन्। | | जानकारी फाराम, खेत निरीक्षण गरेको प्रमाण, मान्यता प्राप्त प्रयोगशालाबाट बीउ परीक्षण तथा प्रमाणीकरण गरेको प्रतिवेदन तथा प्रमाणहरु, समूह/सहकारीले सदस्यहरुबाट बीउ खरिद गरेको अभिलेख, सहकारीले आँफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण, तरकारी व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सहकारीबाट कृषकको खातामा भुक्तानी गरेको अभिलेख | |

मा. आरती पौडेल
मन्त्री



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

लक्ष्मी आरती पौडेल
मन्त्री

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | माछा/मासु (खसी/बोका/भेंडा/बगुंर/रागां/माछा) | • गत आ.व. को कार्तिक महिनादेखि चालू आ.व. को असोज मसान्तसम्म गरेको पशु बाखा भेडा तथा माछाको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• वार्षिक सङ्कलित बिक्रीयोग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा उत्पादक सहकारी संस्था आफैले पालन गरेको वा सदस्य कृषकहरुबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १००, बगुंरको हकमा प्रति सहकारी प्रति वर्ष कम्तिमा ५०, रांगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तिमा २० वटाको कारोवार गरेको हुनुपर्ने,<br>• माछाको हकमा तराईमा प्रति सदस्य कम्तिमा ५०० केजी का दरले एउटा सहकारीबाट १० मे.टन, पहाडको हकमा प्रति सदस्य कम्तिमा २५० केजी का दरले एउटा सहकारीबाट ५ मे.टन वार्षिक कारोवार गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडा/बगुंर/रागां/माछा उत्पादक सहकारी संस्थामा आवद्ध पशुपालक कृषकहरुले अनिवार्य पशु बिमा गरेको हुनुपर्ने,<br>• सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने,<br>• कारोवार गर्ने गरेको खसी/बोका/भेंडा/बगुंर/रागां/माछा गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्ने,<br>• प्राविधिक प्रतिवेदन भेटेरीनरी अस्पताल तथा पशु | • सहकारी | • सहकारीको सदस्यहरुको पशु पन्छी पालनको अभिलेख र सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन, बिमा गरिएको प्रमाण, सहकारीको खरिद अभिलेख, सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण, व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सहकारीबाट कृषकको खातामा भुक्तानी गरेको अभिलेख | • |



सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | सेवा विज्ञ केन्द्रबाट तयार भएको हुनुपर्ने, | | | |
| ४ | मत्स्य ह्याचरी | • मत्स्य ह्याचरीका सम्पूर्ण पूर्वाधार जस्तै इन्कुवेशन टैंक, स्पाउनिङ टैंक, ओभरहेड टैंक, डिस्ट्रिव्युशन टैंक, पानीको भरपर्दो स्रोत आदि व्यवस्थित भई ह्याचरी पूर्ण रुपमा सञ्चालनमा रहेको हुनुपर्ने,<br>• न्यूनतम १ हेक्टर जलाशयमा माउ माछा व्यवस्थापन हुनुको साथै थप नर्सरी तथा रेयरिङ्ग पोखरीको व्यवस्था हुनुपर्ने,<br>• ह्याचरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने,<br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नु पर्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने,<br>• स्वस्थ, परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नुपर्ने,<br>• उत्पादित मत्स्य बीजलाई उचित आहाराको व्यवस्था गर्नुको साथै रोग तथा परजिवी विहीन हुनुपर्ने,<br>• प्राविधिक प्रतिवेदन मत्स्य विकास फार्म वा भेटेरीनरी अस्पातल तथा पशु सेवा विज्ञ केन्द्र वा पि.एम.ए.एम.पि. परियोजना इकाइबाट प्रमाणित भएको हुनुपर्ने। | • व्यावसायिक कृषक / समूह /कृषि वा मत्स्य सहकारी | • व्यावसायिक योजना, सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस, बिक्री वितरणको अभिलेख, कारोवारको तथा आम्दानी खर्च देखिने कागजातहरु, जैविक सुरक्षा विधि अवलम्बन गरेको प्रमाण। | • |



सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | दुध उत्पादन | • गत आ.व.को श्रावण एक गतेदेखि असार मसान्तसम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• सहकारी संस्था वा कम्पनीले संस्थागत रुपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले तराईमा मासिक औषत कम्तिमा १०००० लिटर र पहाडमा मासिक औषत कम्तिमा ५००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्नेछ। साथै वार्षिक कम्तिमा २५० दिन दुधको कारोबार गरेको हुनु पर्ने।<br>• दुध उत्पादक सहकारी संस्था तथा कम्पनिमा आवद्ध पशुपालक कृषकहरुले अनिवार्य पशु बिमा गरेको हुनुपर्ने,<br>• सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने,<br>• गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्ने,<br>• प्राविधिक प्रतिवेदन भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट तयार भएको हुनुपर्ने, | • सहकारी वा कम्पनि | • सहकारी वा कम्पनीले संस्थागत अभिलेख र सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन, बिमा गरिएको प्रमाण, सहकारी तथा कम्पनिको खरिद बिक्री अभिलेख, सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण, व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख, सहकारी वा संस्थागत रुपमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख। | • |

मा. आरती पौडेल
मन्त्री

सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | मत्स्य नर्सरी | • मत्स्य नर्सरीको लागि आवश्यक पर्ने पोखरीहरु तथा पानीको भरपर्दो स्रोत रहेको हुनुपर्ने, <br>• मत्स्य नर्सरीको लागि न्यूनतम १ हेक्टर जलाशयमा व्यवस्था हुनुपर्ने, <br>• खरिद गरेको ह्याचलिङ्गको स्रोत खुलेको हुनुपर्ने, <br>• नर्सरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने, <br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नुपर्ने, <br>• फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने, <br>• कारोवार गर्ने गरेको मत्स्य बीज गुणस्तरीय हुनुपर्ने, <br>• उत्पादित मत्स्य बीजलाई उचित आहाराको व्यवस्थाको साथै रोग तथा परजीवी विहीन हुनुपर्ने, <br>• प्राविधिक प्रतिवेदन मत्स्य विकास फार्म वा भेटेरीनरी अस्पातल तथा पशु सेवा विज्ञ केन्द्र वा पि.एम.ए.एम.पि. परियोजना इकाईबाट प्रमाणित भएको हुनुपर्ने। | • व्यावसायिक कृषक /समूह/कृषि वा मत्स्य सहकारी | • व्यावसायिक योजना, सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस, बिक्री वितरणको अभिलेख, कारोवारको आम्दानी तथा खर्च देखिने कागजातहरु, जैविक सुरक्षा विधि अवलम्बन गरेको प्रमाण | |

सचिव

६. **<u>प्रोत्साहन रकमको मापदण्ड</u>** : (१) जिउँदो खसी/बोका/भेडाको हकमा बढीमा प्रति केजी रु. २५ का दरले, जिउँदो रांगाको हकमा प्रति केजी रु. १५ का दरले, जिउँदो बगुंरको हकमा प्रति केजी रु. २० का दरले, माछाको हकमा प्रति केजी रु. १० का दरले र दुधको हकमा प्रतिलिटर रु. २ का दरले प्रोत्साहन स्वरुप कृषक वा संस्थालाई अनुदान उपलव्ध गराईनेछ।

(२) आलु, प्याज, मसलाबाली, तरकारी तथा फलफूलको हकमा बढीमा प्रति केजी रु. २ का दरले प्रोत्साहन स्वरुप अनुदानग्राही संस्थालाई अनुदान उपलव्ध गराईनेछ।

(३) खाद्यान्न बीउको हकमा स्रोत बीउमा बढीमा प्रति केजी रु. ८ का दरले, उन्नत बीउमा बढीमा प्रति केजी रु. ५ का दरले, तरकारीको हकमा उन्नत बीउमा बढीमा रु. ५० का दरले प्रोत्साहन स्वरुप अनुदानग्राही संस्थालाई अनुदान उपलव्ध गराईनेछ।

(४) यस कार्यक्रममा भाग लिन देहाय बमोजिमको न्यूनतम मापदण्ड पुगेका ह्याचरी तथा नर्सरीहरु मात्र योग्य हुनेछनः-

(क) ह्याचरी तथा नर्सरीहरुले आफ्नो प्रस्तावको साथ व्यावसायिक योजना र विभिन्न किसिमका भुराहरुको बिक्री दर समेत खुलाई पेश गर्नु पर्नेछ।

(ख) यस कार्यक्रम माछापालन प्रोत्साहनको लागि भुरा खरिद गर्ने कृषकलाई प्रत्यक्ष उपलब्ध गराउने गरी सञ्चालन गरिनेछ।

(ग) यस कार्यक्रम अन्तर्गत प्रदेश नं. ५ अन्तर्गतका माछापालन गर्ने कृषकहरुलाई मात्र अनुदान उपलब्ध गराईनेछ।

(घ) सूचीकृत ह्याचरी तथा नर्सरी धनीहरुले प्रदेश नं. ५ भित्रका कृषकहरुलाई भुरा उपलब्ध गराउँदा स्थानीय तहको पशु सेवा शाखा, मत्स्य पकेट, ब्लक, जोन र सुपर जोन (पि.एम.ए.एम.पि. परियोजना कार्यान्वयन इकाई) वा विज्ञ केन्द्रको सिफारिसको आधारमा मात्र उपलब्ध गराउनुपर्नेछ।

(ङ) खण्ड (घ) बमोजिम सिफारिस साथ आएका कृषक, कृषक समूह, सहकारीहरुलाई भुरा बिक्री गर्दा ह्याचरी तथा नर्सरी धनीहरुले अनुदान वापतको रकम छुट गरी यसरी उपलब्ध गराएको छुट सहितको बिलको प्रतिलिपि संलग्न राखी मन्त्रालय/निर्देशनालय/कार्यालयमा भुक्तानीको लागि पेश गर्नुपर्नेछ र कार्यालयले उपलब्ध कागजात र प्रमाणको रुपमा अनुदान रकम उपलब्ध गराउनेछ।

सचिव

(५) मत्स्य बीज तथा बिक्री वितरणको आधारमा उपलब्ध गराईने प्रोत्साहन रकमको देहाय बमोजिम हुनेछ :-

| सि.नं | विवरण | इकाइ | मत्स्य ह्याचरी वा नर्सरीको न्यूनतम मापदण्ड | अनुदान रकम प्रति लाख + | |
|---|---|---|---|---|---|
| १ | ह्याचलिंग | लाख | २०० | ३०० प्रति लाख | |
| २ | फ्राई | लाख | १० | २००० प्रति लाख | |
| ३ | फिंगरलिंग | लाख | २ | ५००० प्रति लाख | |
| ४ | एडभान्स फिंगरलिंग | लाख | १ | १०००० प्रति लाख | |
| ५ | इयरलिंग | गोटा | ५०००० | २ प्रति गोटा | |

## परिच्छेद-३
## भुक्तानी प्रक्रिया

७. <u>प्रोत्साहन रकम भुक्तानी प्रक्रिया</u> : (१) यस कार्यक्रम अन्तर्गत सहभागी हुने कृषक वा उद्यमीले अनुदान रकम माग गर्दा दफा ५ अनुसारको प्रक्रिया पुरा गरी आवश्यक प्रमाणित कागजात सहित बिल बीजकहरु सम्लग्न राखी प्रोत्साहन रकम भुक्तानीको लागि निवेदन दिनु पर्नेछ। पेश भएका विवरणमा कुनै किसिमका कैफियत भेटिए वा झुठा ठहरे निर्देशनालय प्रोत्साहन रकम भुक्तानी गर्न बाध्य हुनेछैन र आवश्यक परे कानूनी कारवाही समेत अगाडि बढाउन सक्नेछ।

(२) यसरी भूक्तानी गर्दा बार्षिक वा अर्धबार्षिक गरी एक वा दुई किस्तामा भूक्तानी गर्न सकिनेछ।

## परिच्छेद-४
## समिति सम्बन्धी व्यवस्था

८. <u>निर्देशक समिति</u> : (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था तथा समस्या समाधानको लागि आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ :-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष

(ख) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

(ग) प्रमुख, सम्बन्धित महाशाखा प्रमूख - सदस्य– सचिव

मा. आरती पौडेल
मन्त्री

(२) निर्देशक समितिले आवश्यकता अनुसार विषेशज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

९. **कार्यक्रम व्यवस्थापन समिति** : (१) कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम ~~अनुदान~~ कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमूख, सम्बन्धित कार्यालय | - संयोजक |
| (ख) | सम्बन्धित महाशाखा वा शाखा प्रमुख | - सदस्य |
| (ग) | आर्थिक प्रशासन प्रमुख | - सदस्य |
| (घ) | कानुन वा प्रशासन शाखा प्रमूख | - सदस्य |
| (ङ) | कोष तथा लेखा नियन्त्रकको कार्यालय | - सदस्य |
| (च) | कार्यक्रम हेर्ने अधिकृत | - सदस्य-सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार बढिमा २ जना विज्ञ, विषेशज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई पेश भएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतिको लागि सिफारिस गर्ने,

(ख) प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतिकरण गर्ने,

(ग) प्रारम्भिक मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण कार्यका लागि उपसमिति वा कार्यदल गठन गरी जिम्मेबारी तोक्ने,

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ र आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण कार्य पुन गराउन सक्नेछ।

## परिच्छेद-५

## विविध

१०. **आर्थिक प्रशासन सेवा:** प्रस्ताव मूल्याङ्कन समिति र व्यवस्थापन समितिको मूल्याङ्कनको आधारमा कार्यालयले प्रस्ताव स्वीकृत गरी कार्यविधिमा भएको व्यवस्था बमोजिम सम्झौता गर्नेछ। अनुदानग्राहीले कार्यक्रम सञ्चालन गर्दा प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ अनुसार सञ्चालन गरी मितव्ययी रुपमा गर्नु पर्नेछ।



सचिव

आरती पौडेल
मन्त्री

११. <u>अनुगमन</u> (१) यस कार्यक्रमको अनुगमन मन्त्रालय, मातहतका कार्यालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयले संयुक्त वा छुट्टा छुट्टै  गर्न सक्नेछ। अनुगमनको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

१२. <u>समन्वय:</u> निर्देशनालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्वन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

१३. <u>संशोधन तथा हेरफेर</u> : (१) यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१४. <u>प्रचलित कानून लागू हुने:</u> यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम तथा अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

सचिव

अनुसूची-१

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

.................................... निर्देशनालय

बुटवल, रुपन्देही

मा. आरती पौडेल
मन्त्री

**उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हानको ढाँचा:**

............................................. निर्देशनालयको आर्थिक वर्ष २०७../........ स्वीकृत कार्यक्रम अनुसार उत्पादन (खसी/बोका/भेडा/माछा/मत्स्य बीज/बीउबीजन/आलु/तरकारी/फलफूल/दुध उत्पादन) प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम रहेकोले सो कार्यक्रममा सहभागी हुन वा आफू मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक नियमानुसार दर्ता भएका कृषक समूह वा सहकारी वा उद्यमी वा व्यवसायी वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस .............. .......कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पत्रका साथ पेश गर्नु पर्ने कागजातको विवरण, निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना यस निर्देशनालयको वेबसाइट ........................ बाट प्राप्त गर्न सक्नु हुनेछ।

सचिव

अनुसूची-२

(दफा ४ को खण्ड (ख) सँग सम्बन्धित)

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

..........................................

.....................

मा. आरती पौडेल
मन्त्री

**उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन चाहने कृषक/फार्म/सहकारी संस्थाले निर्देशनालय/तोकिएको कार्यालयमा दिने आवेदन पत्रको ढाँचा**

मितिः

श्री ............... ज्यू,

................................................।

मार्फतः .......................... कार्यालय...............।

विषयः उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन पाँउ।

महोदय,

प्रस्तुत विषयमा मिति .......................... मा प्रकाशित सूचना अनुसार यस ................................ले उत्पादन (खसी/बोका/भेडा/माछा/मत्स्य बीज/बीउबीजनं/आलु/तरकारी/फलफूल/दुध उत्पादन) प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छौं।

तपसिल :

१. सहकारी वा सस्था वा कम्पनी दर्ता/ नवीकरणको प्रमाणपत्र

२. कर चुक्ता प्रमाणपत्र

३. संस्थाको हकमा गत वर्षको लेखापरीक्षणको प्रतिवेदन

४. अनुसूची-५ अनुसारको कार्ययोजना

५. कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरु

६. सम्बन्धित ज्ञान केन्द्र/विज्ञ केन्द्रको सिफारिस

७. सम्बन्धित स्थानीय तहको शिफारिस

८. सहकारीको हकमा वार्षिक साधारण सभा भएको भए गत वर्षको प्रतिवेदन



सचिव

अनुसूची-३

(दफा ४ को खण्ड (ग) सँग सम्बन्धित)

मा. आरजी पौडेल
मन्त्री

कार्यक्रम सञ्चालनका लागि कृषक/सहकारी संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

१. समूह सहकारीको हकमा सदस्य संख्या

२. उत्पादनमा सहभागी कृषक

महिला:................

पुरुष:....................

दलित :....................

जनजाति :....................

३. उत्पादनको विवरण

३.१ व्यावसायिक खेती गरिएको क्षेत्रफल वा माउ पशु संख्या (उत्पादन योग्य)

वार्षिक उत्पादन मे.टन वा संख्या र औषत तौल :........................

यस भन्दा अघिल्लो वर्षको बिक्री विवरण : .................

३.२ कूल मे.टन (तरकारी, फलफूल, माछा, आलु, प्याज)

दर प्रति केजी : ................

कूल आम्दानी : रु.................

३.३ कूल पशु संख्या

दर प्रति पशुपन्छी : ....................

कूल आम्दानी : रु.........................

३.५ माछा भुरा

| सि.नं. | विवरण | गत वर्षको भुरा उत्पादन | बिक्री दर | जम्मा आम्दानी | यस वर्षको लक्ष | प्रस्तावित बिक्री मुल्य | लक्षित आम्दानी |
|---|---|---|---|---|---|---|---|
| १ | ह्याचलिंग | | | | | | |
| २ | फ्राई | | | | | | |
| ३ | फिंगरलिंग | | | | | | |
| ४ | एडभान्स फिंगरलिंग | | | | | | |

सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | इयरलिंग | | | | | | |
| | कूल जम्मा | | | | | | |
| | कूल लागत | | | | | | |
| | खुद आम्दानी | | | | | | |

४. उपलब्ध जमिन

५. पानी बत्ति बाटोको व्यवस्था

६. रोजगारी

६.१. स्थायी

६.२ मौषमी

७. सहकारी वा फर्म वा कम्पनीको पूर्वाधारको विवरण

७.१ भवन, गोदाम, कार्यालय आदि,

७.२ मेसिनरी, औजार, उपकरण

७.३ लेखा प्रणाली सफ्टवयर र अन्य

सचिव

८. मुल्याङ्कनका अङ्क भार

८.१ कृषि उपजहरुको लागि

| आवेदक संस्थाको नाम, ठेगाना | सहकारीको हकमा आवद्ध सदस्य संख्या/व्यवसायी को हकमा वार्षिक कारोबार | खसी/ बोका/ भेडा/ माछा/मत्स्य बीज/ बीउबीजन/ आलु/ तरकारी/ फलफूलबिक्री परिमाण वार्षिक (केजी)/ संख्या | जैविक सुरक्षा विधि अवलम्वन | पूर्वाधारको अवस्था | लेखा प्रणाली बैठक तथा कारोवारको पारदर्शिता | खसी/ बोका/ भेडा/ माछा/ मत्स्य बीज/ बीउबीजन/ आलु/ तरकारी/ फलफूल/ घांस खेती गरेको क्षेत्रफल (हेक्टर)/संख्या | उत्पादित वस्तुहरुको बजारिकरण | खसी/ बोका/ भेडा/ माछा/मत्स्य बीज/ बीउबीजन/ आलु/ तरकारी/ फलफूलउत्पादनमा सहकारीको लगानी | कूल प्राप्तांक | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १० | ३० | १० | १० | १० | १० | १० | १० | १०० | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

मा. आरती पौडेल
मन्त्री

सचिव

## ८.२ मत्स्य ह्याचरी छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| सहकारीको नाम | इन्कुवेसन ट्याङ्क (१०) | | स्वनिङ ट्याङ्क (१५) | | माउ पोखरी क्षेत्रफल (२५) | | ओभर हेड टयाङकको क्षमता (१५) | | डिस्ट्रिब्युशन टयाङक (१०) | | एरेटर एण्ड अटोमेटिक फिडर (१०) | | वीमा (५) | | लेखा प्रणाली तथा कारोवारको पारदर्शिता आन्तरिक नियन्त्रण प्रणाली (१०) | कूल प्राप्तांक | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २ वटा सम्म (५) | २ भन्दा बढी (१०) | १ (१०) | २ (१५) | १ हे. (१५) | २ हे. (२५) | ५०००० ली. सम्म क्षमता भएको (१०) | ५०००० भन्दा माथि क्षमता भएको (१५) | १ (५) | २ (१०) | प्रयोग नभएको (७) | प्रयोग भएको (१०) | नभएको (२) | भएको (५) | २-१० | १०० | |
| जम्मा | | | | | | | | | | | | | | | | | |

नोटः ५० नम्बर भन्दा बढी अङ्क ल्याउने फर्महरुको मात्र अनुगमन हुने।

सचिव

८.३ मत्स्य नर्सरी छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| सहकारी वा कम्पनी को नाम | ह्याचलिङ्ग उत्पादन खरिदको रेकर्ड (१०) | | पानीको स्रोत (१०) | | नर्सरी पोखरी क्षेत्रफल (२०) | डिस्ट्रिव्युशन टयाङक (१५) | | एरेटरको प्रयोग | पेलेट दाना (१०) | | वीमा (१०) | | लेखा प्रणाली तथा कारोवारको पारदर्शिता आन्तरिक नियन्त्रण प्रणाली (१०) | कूल प्राप्तांक | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नभएको (५) | भएको (१०) | कुलो/नहर (७) | बोरिङ्ग (१०) | प्रति हेक्टर ५ | २ (१०) | २ भन्दा बढी (१५) | ५ देखि १५ | प्रयोग नभएको (७) | प्रयोग भएको (१०) | नभएको (५) | भएको (१०) | २-१० | १०० | |
| | | | | | | | | | | | | | | | |

नोटः ५० नम्बर भन्दा बढी अङ्क ल्याउने फर्महरुको मात्र अनुगमन हुने।

सचिव

मन्त्री

मा. आरती पौडेल
मन्त्री

अनुसूची-४

(दफा ४ को खण्ड (घ) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

................................., प्रदेश नं. ५/............... कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र ............... (यस पछि दोश्रो पक्ष भनिने) बीच **उत्पादन (खसी/ बोका/ भेडा/ माछा/ बीउबीजन/ आलु/ तरकारी/ फलफूल) प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रममा** तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ।

**तपसिलः**

१. प्रथम पक्षले दोश्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम रु ............................ (अक्षरमा ..................................) दोश्रो पक्षको बैंक खातामा एकमुष्ट जम्मा गरिदिने छ।
२. दोश्रो पक्षले सहकारीमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ।
३. अनुदान प्राप्त रकम मध्ये दोश्रो पक्षले गत वर्ष बिक्री गरेको खसी/ बोका/ भेडा/ माछा/ बीउबीजन/ आलु/ तरकारी/ फलफूल को परिमाणका आधारमा कृषकहरुलाई एक मुष्ट उपलब्ध गराउनु पर्नेछ।
४. दोश्रो पक्षले प्राप्त अनुदानमा सञ्चालन खर्च कटाउन पाउने छैन।
५. दोश्रो पक्षले रकम वितरण गर्दा कार्यालय वा स्थानीय तहका प्रतिनिधिहरुको रोहवरमा गर्नेछ।
६. दोश्रो पक्षले उत्पादन स्थल देखि आफुले बिक्री गर्ने स्थानसम्म खसी/ बोका/ भेडा/ माछा/ बीउबीजन/ आलु/ तरकारी/ फलफूल ढुवानिको व्यवस्था गर्नु पर्नेछ।
७. अनुदान रकम वितरण गरेको सक्कलै भरपाई कार्यालयमा २०७........ पेश गर्नु पर्ने छ।
८. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ।
९. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं।

| | |
|---|---|
| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

| | |
|---|---|
| रोहवर | |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्बत् ............. साल .............. महिना ....... गते रोज ....... शुभम्।

*नोट : द्विपक्षीय सम्झौता हुँदाका बखत माथिका बुँदाहरुमा थपघट गर्न सकिनेछ। बाली तथा बस्तुविशेष मापदण्ड र न्यूनतम उत्पादन बृद्धि योजना स्पष्ट खुलाउनुपर्नेछ ।*

सचिव

अनुसूची-५

(दफा ४ को खण्ड (ख) सँग सम्बन्धित)

*व्यावसायिक योजनाको ढाँचा*

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| सहकारी संस्था वा उद्यमी वा कम्पनीको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| आवेदक व्यक्ति/समूहको नामः | |
| आवेदकको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.सहकारी संघ/संस्था/कम्पनीको किसम : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक

घ) बहुउदेश्यीय ङ) अन्य भए उल्लेख गर्ने

(..........................)

३ सहकारी संघ/सस्था/कम्पनी को शेयर सदस्य सङ्ख्या..........................

४.प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरणः ............................रोपनी तथा कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भएः ..............................वर्षको सम्झौता भएको

१०. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या ..................................

११. आवेदक सघ/संस्थाको पूँजिको विवरणः

- नगद

| शेयर पुँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |

मन्त्री

| | | |
|---|---|---|
| | | |

- पूर्वाधार
- जमिन
- औजार उपकरण
- जम्मा

१२. सडक सुविधा छ वा छैन............ छ भने सडकको किसिम...............................................

१३.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................

१४. आयोजना सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष..................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१६. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन् ?

-
-
-

१७. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण

१७.१ . आवश्यकता र औचित्य

१७.२ आयोजना सञ्चालन हुने स्थान

१७.३ . आयोजनाबाट उत्पादन हुने वस्तुको सूचि

१७.४ आयोजनाका लागि चाहिने वस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक

१७.५ आयोजनाले समेट्ने क्षेत्र र लाभान्वित जनसंख्या र रोजगारी सम्बन्धि विवरण

१७.६. संरचनाको अवस्था र नक्सा सहित

१७.७ आयोजना सँचालनमा लाग्ने अनुमानित खर्च

क. चालु खर्च

ख. पूर्वाधार विकास खर्च

ग. यन्त्र उपकरण खरिद

सचिव

मा. आरती पौडेल
मन्त्री

१७.८ बजारीकरण योजना

(क) बजारको विकास् र बजारीकरणको रणनीति

(ख) लक्षित बजार र ग्राहक

(ग) बजारका मुख्य विशेषताहरु

(घ) बजारमा उपलब्ध अवसरहरु

(ङ) बजार विकासका चुनौतीहरु

१८. लाभ लागत सम्बन्धि विवरण: कति वर्षमा नाफामा जाने हो

## १९. व्यावसायिक योजना

### १९.१ उत्पादन योजना

| सि.नं. | उत्पादन गर्ने वस्तुको किसिम | जग्गाको क्षेत्रफल | माउ वस्तुको संख्या | खसि/बोका/थुमा | हाल उत्पादन गरीरहेको संख्या | हाल उत्पादन गरीरहेको परिमाण केजी | हालको उत्पादन बिक्री गर्ने गरेको स्थान र व्यवसायी वा उद्यमी | भविष्यमा उत्पादन बिक्री गर्ने स्थान वा उद्यमी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

*नोटः हाल आफ्नो उत्पादन बिक्री गर्ने गरेको स्थान, खरिद गर्ने संस्था वा व्यवसायी र उद्यमी वा संस्थाको सम्पर्क नम्बर समेत उल्लेख गर्नुपर्नेछ। भविष्यको लागि बिक्री गर्ने योजना र सम्झौता भएको भए सो समेत पेश गर्नुपर्नेछ।*

सचिव

मा. [illegible] पौडेल
मन्त्री

## १९.२ तरकारी/फलफूल वा आलुप्याज उत्पादन तथा बजारीकरण

| सि.नं. | कृषक वा सदस्यको नाम± | उत्पादन गर्ने वस्तुको किसिम | जग्गाको क्षेत्रफल | उत्पादन गर्ने तरकारी फलफूल को जात | उत्पादनशील क्षेत्रफल | (फलफूलको हकमा)साना बोट बिरुवाको क्षेत्रफल | हाल उत्पादन गरीरहेको परिमाण केजी | उत्पादन बिस्तार योजना (क्षेत्रफल बिस्तार वा उत्पादकत्व बृद्धी) | लक्षित उत्पादन परिमाण केजी | हालको उत्पादन बिक्री गर्ने गरेको स्थान र व्यवसायी वा उद्यमी | भविष्यमा उत्पादन बिक्री गर्ने स्थान वा उद्यमी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

± सहकारी वा कम्पनी आफैले उत्पादन गर्ने हो भने एकमुष्ट लेख्न सकिन्छ। अन्यथा उत्पादक सदस्य सबैको विवरण लेख्नुपर्छ।

नोटः हाल आफ्नो उत्पादन बिक्री गर्ने गरेको स्थान, खरिद गर्ने संस्था वा व्यवसायी र उद्यमी वा संस्थाको सम्पर्क नम्बर समेत उल्लेख गर्नुपर्नेछ। भबिष्यको लागि बिक्री गर्ने योजना र सम्झौता भएको भए सो समेत पेश गर्नुपर्नेछ।

□ तरकारी फलफूल, आलु, प्याज उत्पादनको लागि पहाडमा न्यूनतम २० रोपनी र तराइमा ५ हेक्टर क्षेत्रफलमा तरकारी फलफूल आलुप्याज उत्पादन गरी प्रति हेक्टर १० टन भन्दा बढी उत्पादकत्व हासिल गर्ने लक्ष राखे उद्यमी मात्र यस कार्यक्रममा सहभागी हुन सक्नेछन।

□ तोकिएको संख्या भन्दा कम परिमाणमा उत्पादन गर्ने कृषक वा उद्यमीहरु समूह वा सहकारी गठन गरी कार्यक्रममा सहभागी हुन सक्नेछन।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

### १९.३ खाद्यान्नको बिउ उत्पादन तथा बिक्री

| सि. नं. | कृषक वा सदस्य को नाम± | उत्पादन गर्ने बालीको किसिम | बिउको गुणस्तर (मुल बीउ वा बीउ वा उन्नत बीउ) | क्षेत्रफल | उत्पादन परिमाण | बिउको स्रोत | भबिष्यमा उत्पादन गर्ने लक्ष | भबिष्यमा बीउ उत्पादन गर्ने क्षेत्रफल | भबिष्यमा बीउ उत्पादनको लक्ष परिमाण | हाल बीउ खरिद गर्ने कृषक वा कम्पनीहरु | भबिष्यमा बिक्री गर्ने योजना (कहाँ कसलाई कति) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

± सहकारी वा कम्पनी आफैले उत्पादन गर्ने हो भने एकमुष्ठ लेख्न सकिन्छ। अन्यथा उत्पादक सदस्य सबैको विवरण लेख्नुपर्छ।

नोटः हाल आफ्नो उत्पादन बिक्री गर्ने गरेको स्थान, खरिद गर्ने संस्था वा व्यवसायी र उद्यमी वा संस्थाको सम्पर्क नम्बर समेत उल्लेख गर्नुपर्नेछ। भबिष्यको लागि बिक्री गर्ने योजना र सम्झौता भएको भए सो समेत पेश गर्नुपर्नेछ।

□ खाद्यान्न बीउ उत्पादनको लागि पहाडमा न्यूनतम २० रोपनी र तराइमा ५ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन गर्ने र प्रति हेक्टर कम्तीमा २ टन बीउ उत्पादन गर्ने कृषक, उद्यमी सहकारी वा कम्पनी मात्र यस कार्यक्रममा सहभागी हुन सक्नेछन।

□ आलु बीउ उत्पादनको लागि कम्तीमा १ लाख पि.बि.एस. उत्पादन गर्ने र कम्तीमा १ हेक्टरमा आलु बीउ उत्पादन गर्ने उद्यमी मात्र यस कार्यकममा सहभागि हुन सक्नेछन ।

□ तोकिएको संख्या भन्दा कम परिमाणमा उत्पादन गर्ने कृषक वा उद्यमीहरु समूह वा सहकारी गठन गरी कार्यक्रममा सहभागी हुन सक्नेछन।

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

१९.४ खायन माछा उत्पादन तथा बिक्री वितरण :

| सि. नं. | कृषक वा सदस्यको नाम | उत्पादन गर्ने माछाको किसिम | जग्गाको क्षेत्रफल | जलाशयको क्षेत्रफल | हाल उत्पादन गरीरहेको परिमाण केजी | उत्पादन बिस्ताको योजना (क्षेत्रफल बिस्तार वा उत्पादकत्व वृद्धी) | लक्षित उत्पादन परिमाण केजी | हालको उत्पादन बिक्री गर्ने गरेको स्थान र व्यवसायी वा उद्यमी | भविष्यमा उत्पादन बिक्री गर्ने स्थान वा उद्यमी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः हाल आफ्नो उत्पादन बिक्री गर्ने गरेको स्थान, खरिद गर्ने संस्था वा व्यवसायी र उद्यमी वा संस्थाको सम्पर्क नम्बर समेत उल्लेख गर्नुपर्नेछ। भबिष्यको लागि बिक्री गर्ने योजना र सम्झौता भएको भए सो समेत पेश गर्नुपर्नेछ।

□ माछा उत्पादनको लागि न्यूनतम तराइमा ५ हेक्टर र पहाडमा न्यूनतम १ हेक्टरमा हेक्टरमा माछा पाल्ने कृषक, उद्यमी र सहकारी मात्र यस कार्यक्रममा सहभागी हुन सक्नेछन।

□ तोकिएको संख्या भन्दा कम परिमाणमा उत्पादन गर्ने कृषक वा उद्यमीहरु समूह वा सहकारी गठन गरी कार्यक्रममा सहभागी हुन सक्नेछन।

□ तोकिएको लक्षित उत्पादन हासिल गर्न नसक्ने प्रस्तावकहरुले अनुदान रकम प्राप्त गर्ने छैनन।

## १९.५ दुध उत्पादन र बिक्री वितरण :

१. कूल सदस्य संख्या .............
२. गत आर्थिक वर्ष कूल दूध सङ्कलन लि.
   औषत दैनिक ...... लि.,

| क्र.सं. | महिना | इकाई | दुध सङ्कलन/उत्पादन | दुध विक्रि |
|---|---|---|---|---|
| १ | साउन | लिटर | | |
| २ | भाद्र | लिटर | | |
| ३ | असोज | लिटर | | |
| ४ | कार्तिक | लिटर | | |
| ५ | मंसिर | लिटर | | |
| ६ | पुस | लिटर | | |
| ७ | मांघ | लिटर | | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ८ | फागुन | लिटर | | |
| ९ | चैत्र | लिटर | | |
| १० | वैशाख | लिटर | | |
| ११ | जेठ | लिटर | | |
| १२ | असार | लिटर | | |
| | जम्मा | | | |

३. संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः

क) .............

ख) .............

४. मिल्क एनालाईजरको प्रयोग भए/नभएको

५. वार्षिक साधारण सभा भएको भए गत वर्षको प्रमाण

६. जम्मा सङ्कलन केन्द्र संख्याः

| सङ्कलन केन्द्रको नाम | वार्षिक दुध सङ्कलन लिटर |
|---|---|
| | |
| | |

७. रेकर्ड राख्न कम्प्युटरको प्रयोग भए/नभएको

८. दूधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरे/नगरेको

९. आफ्नो चिलिङ्ग सेन्टर भए/नभएको

१०. दूध विविधिकरण र विक्री वितरण गरेको/नगरेको

क)गरेको भए कुन कुन पदार्थ बनाउने गरिन्छ, दैनिक औषत परिमाण

पद्धार्थको प्रकार परिमाण

............... ...........

ख) विक्री गर्ने बजार /स्थल ...........

११. समूह/सहकारी दर्ता/नविकरणको प्रमाण

१२. कुनै प्रकारको कार्वाहीमा नपरेको वा परेको स्वःघोषणा

१३. कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड

१४. कर चुक्ता प्रमाण पत्र

१५. लेखापरीक्षण प्रतिवेदन

१६. दुध उत्पादक समूह/सहकारी संस्था तथा कम्पनीमा आवद्ध भएका पशुपालक कृषकहरुले अनिवार्य रुपमा पशु विमा गरेको अभिलेख पेश गर्नुपर्ने

१७. स्थानीय तह तथा अन्य निकायबाट सोही प्रकृतिको अनुदान पाएको वा नपाएको



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

पाएको भए कहाँबाट र कति रकम

१८. दुध उत्पादन तथा सङ्कलन गर्ने कृषकको विवरण

| क.सं. | कृषकको नाम थर | ठेगाना | सम्पर्क नं. | वार्षिक दुध सङ्कलन लिटर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

नोट : उल्लेखित मापदण्डको आधारमा सम्बन्धित समूह/सहकारी/कम्पनी/दुग्ध उत्पादक फर्म मार्फत उत्पादक कृषकले पाउने गरी भुक्तानी गरिने छ।

समूह/सहकारी/कम्पनीको नामः
ठेगानाः
सम्पर्क व्यक्तिको नामः
पदः
सम्पर्क नं.

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-६

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रमका लागि अनुदान उपलब्ध हुने बाली तथा बस्तुहरु

१. खसी/ बोका/ भेडा/बंगुर/रांगा
२. माछा/ मत्स्य बीज
३. तरकारी तथा खमद्यान्न बीउ
४. आलु/प्याज, मसला/तरकारी बाली/फलफूल
५. दुध उत्पादन

नोट: कार्यक्रम व्यवस्थापन समितिको शिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार बाली तथा बस्तुहरु तथा अनुदान सिमा थपघट गर्ने सक्नेछ ।

सचिव